आज मिति २०७७/०५/२४ गते बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्यज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ४ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ६ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ७ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ८ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| ९ | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| १० | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| ११ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १२ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १३ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १४ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | प्रभावती |
| १५ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | विमला |
| १६ | श्री सरस्वती कुवंर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १७ | श्री फागु प्रसाद धोवी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ५ | |
| १८ | श्री राम मनोरथ लोहार | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ६ | |
| १९ | श्री रामदेव पासी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. २ | |
| २० | श्री अनिल पौडेल | प्रमुख प्र. अधिकृत | बुद्धभूमि न.पा. | |

मिति: २०७७।०५।२४ गतेको बुद्धभूमी नगरकार्यपालिका बैठकको निर्णयहरु :

**प्रस्ताव नं. १ : खोला/नदीको IEE गर्ने सम्बन्धमा ।**

निर्णय : यस नगरपालिकाका क्षेत्राधिकार भित्र रहेका कुन्द्रा, गुडरूङ, घोघवा, अगिया, कुचिया, झिगवा, वाणगंगाको बगर खण्डबाट दिगो र वातावरण मैत्री रूपले ढुंगा, गिट्टी तथा बालुवा संकलन प्रयोजनाका लागि प्राविधिक समिति मार्फत **Co-ordinate** सहित पेश भएको **TOR** नियमानुसार स्वीकृत गरी **IEE** प्रक्रियाका लागि अघि बढाउन नगरपालिकालाई जिम्मा दिने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : प्रदेश नं. ५ को सामाजिक विकास मन्त्रालयको सूचना सम्बन्धमा ।**

निर्णय : प्रदेश नं. ५ को सामाजिक विकास मन्त्रालयको मिति २०७७।४।१६ मा प्रकाशित सुचना अनुसार नमूना विद्यालयको लागि प्रस्तावना माग भए बमोजिम यस नगरपालिका अन्तर्गतका विद्यालयहरू मध्ये श्री जनकल्याण मा.वि. बकुलीपुर, वडा नं. ९ लाई लागत सहभागिताको रकम २०% न.पा. बाट व्यहोने गरी प्रतिवद्धता सहितको सहमति दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ३: बेरोजगार व्यक्ति छनौट सम्बन्धमा ।**

निर्णयः प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन गरिने आ.व. २०७७।०७८ को कार्यक्रम सञ्चालनका सम्बन्धमा बेरोजगार सूची निर्धारण तथा प्राथमिकरण मार्गदर्शन २०७६ ले निर्देशित गरेको विपन्न श्रमिकको ज्याला दैनिक रू. ५१७, संख्या १०० साथै दिन १०० का सम्बन्धमा अवगत भयो ।

**प्रस्ताव नं. ४: बैंक खाता खोल्ने सम्बन्धमा ।**

निर्णयः सहजता र सुविधालाई मध्यनजर गरी सबै जनप्रतिनिधिको नियमानुसारको सुविधा यस न.पा.को परिसरमा रहेको रा.वा. बैंक वाणगंगा शाखाको **Extension** यस नगरपालिका परिसरमा रहेको बैंकमा खोल्ने तथा कर्मचारीहरूको खाता पनि सोही बैंकमा (रा.वा. बैंकमा खाता नभएका बाँकीको हकमा) खोल्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५: सिफारिस शुल्क मिनाहा सम्बन्धमा ।**

निर्णयः राष्ट्रिय पञ्जीकरण तथा सामाजिक सुरक्षा विभागको निर्देशन अनुरूप ६० वर्ष मुनिका एकल महिलाको पुर्नः विवाह नगरेको /दोस्रो विवाह नगरेको भनि वडाबाट दिइने सिफारिस शुल्क नलिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
न.पा. प्रमुख

**प्रस्ताव नं. ६: वडा कार्यालयको मर्मत सम्बन्धमा।**

निर्णयः वडा नं. ९ को वडा कार्यालयमा कर्मचारी संख्यामा बढोत्तरी तथा कम space का कारणले अत्यावश्यक रूपमा गरिनुपर्ने कार्यहरू दर्ता चलानी यूनिटका लागि पार्टेशन लगायतको कार्यको हकमा स्वीकृत लागत अनुमानको न.पा.बाट ७०% प्रतिशत र वडास्तरीय अत्यावश्यकीय मर्मतबाट ३०% खर्च गर्ने गरी प्राविधिकबाट लगत इस्टिमेट गराई समिति मार्फत निर्माण कार्य गर्ने गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ७ : पर्यटन पूर्वाधार सम्बन्धमा।**

निर्णयः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०७७।५।१ को पत्र तथा मिति २०७७।५।२ को प्रस्ताव आह्वान सम्बन्धी सूचना बमोजिम पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका २०७७ को शर्त अनुरूप सबै मापदण्ड पुरा हुने यसै नगरपालिकाका वडा नं. ४ मा रहेको बुड्ढी तालको संरक्षण सौन्दर्यीकरण तथा थारू संग्राहालयको अधुरो संरचना पुरा गर्ने गरी अधिकम ४ करोड ५० लाख तथा वडा नं. १ र २ मा रहेको बुद्धवाटिका र चिल्डेन पार्कको निर्माण तथा सौन्दर्यीकरणका लागि १ करोड ५० लाख गरी जम्मा ६ करोडको योजनाका लागि आवश्यक काकगजातहरू तयार गरी तोकिएको समयमा माग गरी पठाउने र निर्देशिकाले तोकेको लागत सहभगिता मध्येको रकम नगरपालिका अल्या/म्याचिङ्ग लगायतका स्रोतबाट व्यहोने प्रतिवद्धता सहितको निर्णय गरियो।

**प्रस्ताव नं. ८ : विविध।**

क) नगरपालिकाको निर्णयले नगरस्तरीय क्वारेन्टाइन नगरस्तरीय आइसोलेसनमा २४ सै घण्टा खटिने नगरपालिका तथा स्वास्थ्यका करार तथा ज्यालादारी कर्मचारीहरूलाई स्वास्थ्य तर्फको हकमा खटिएको दिनको ३००।- प्रतिदिन, सहयोगी कर्मचारीको खटिएको दिनको २५०।-का दरले जोखिम भत्ता प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो।

ख) कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागि स्वाव संकलन गर्न तथा आर.डी.टी. परीक्षण गर्न २०७६ चैत्र देखि असार मसान्त सम्म खटिएका स्वास्थ्यकर्मी र सहयोगी कर्मचारीको खाना/खाजाको विल अनुरूप ४४८५०।- नियमानुसार करकट्टी गरी भुक्तानी दिने निर्णय गरियो।

अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

ग) नगरस्तरीय क्वारेन्टाइन स्थापनादेखि वडास्तरीय क्वारेन्टाइनका साथै आइसोलेसन सम्म कति व्यक्ति कति दिन बसेको कति सेवा प्राप्त गरेको विवरण प्रवक्ता मार्फत सार्वजनिक गर्ने तथा सार्वजनिक गर्न बाँकी असारको खर्च समेत सार्वजनिक गर्ने निर्णय गरियो।

घ) गौतमबुद्ध क्याम्पसमा भाद्र ११ देखि सञ्चालनमा आएको आइसोलेसनको संरचना निर्माण तथा विरामी तथा स्वास्थ्य तथा सुरक्षाकर्मीको खाना खर्चका सम्बन्धमा प्रतिव्यक्ति प्रतिदिनको दररेट ३३०।- (सबै कर सहित) पोषिलो खानाको व्यवस्था मिलाउने गरी कोटेशन माग गरी सम्झौता गरी व्यवस्थापन गरिएकोमा सो को अनुमोदन गर्ने निर्णय गरियो।

ङ) सहयोग सम्बन्धमाः नगरपालिकाबाट पारित कार्यविधि अनुरूप तपसिलका व्यक्तिलाई तपसिल बमोजिम सहयोग गर्ने।

| क्र.स. | विवरण | सहयोग शिर्षक | सहयोग रकम |
|---|---|---|---|
| १ | बुद्धभूमि न.पा. वडा नं. २ निवासी शान्ता शर्मा खनाल विगत २ महिनादेखि दुवै किड्नी फेल भई हप्तामा दुई पटक डायलोसिस गर्नुपर्ने भएकोले किड्नी उपचारको लागि रू. २०,०००।- (बीस हजार) आर्थिक सहयोग दिने निर्णय गरियो। | आर्थिक सहयोग | २०,०००।- |

अनिल ...
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख